## पहिलो परिच्छेद

# अध्ययनपत्र परिचय

### १.१ विषयपरिचय

नेपाल अधिराज्यको मुटुको रूपमा रहेको स्थल काठमाडौं उपत्यका हो । देशका कुनाकाप्चाबाट उज्वल भविष्यको सपना पूरा गर्ने कामना बोकी आउने व्यक्तिहरूको समागम स्थल हो । यो थलो अधिराज्यको राजधानीको रूपमा पनि चिर परिचित थलो हो । यो राष्ट्रिय, अन्तर्राष्ट्रिय, प्रशासनिक, शैक्षिक, आर्थिक हरेक किसिमको कर्मथलो हो ।

यस्तो कर्मथलोको काखमा अवस्थित एक क्षेत्र हो हाँडीगाउँ । हाँडीगाउँ क्षेत्र क्षेत्रगत भूमिगत रूपमा हेर्दा पनि पुरातन संस्कृति झल्काउने बाग्मती सभ्यताको साक्षी बोकेको क्षेत्र झैं आभाष हुन्छ । यो काठमाडौंको क्षेत्र नं. ५ मा अवस्थित रहेको छ । यहाँ व्यक्तिहरूको चाल चलन संस्कार चाडपर्व, धर्म, संस्कृति, भेषभुषाबाट पनि यहाँको बारेमा केही हदसम्म भएपनि बुझ्न सकिन्छ । यो क्षेत्रलाई इतिहासको प्रतिविम्वका रूपमा लिन सकिन्छ ।

यहाँका हरेक क्षेत्रहरूमा हेर्दा घरैपिच्छेजस्तो मन्दिरहरू भेट्न सकिन्छ । यहाँका व्यक्तिहरूको भेषभुषाले पनि पुरातन संस्कृति झल्काउने काम गर्दछ । यहाँ पाइने देवी देवताको मूर्ति तथा पुरातात्विक सामाग्रीले लिच्छवी र मल्लकालीन संस्कृति धर्म, कला, पूजा विधि, तथा तान्त्रिक मतको बारेमा जानकारी दिन्छ भने यसै स्थानमा पूर्व लिच्छवीकालीन अधिष्ठात्री भगवती, टुँडादेवी, भाटभटेनीलाई लिच्छवीकालीन कूल तथा इष्टदेवी मनमानेश्वरी लिच्छवीकालीन सत्यनारायण, धनगणेश, धन्वन्तरी, बाराही देवी, पञ्चकुमारी, मैतीदेवी, मध्यकालीन, भीमसेनको मूर्ति, चौक्काथु, नारायण कुमार कार्तिकेय, रुक्मिणी र सत्यभामा सहितको कृष्णको मूर्ति सरस्वती मूर्ति, भूतेश्वर भैरव, गणेश, संकटा, महांकाल, उमा महेश्वर, लक्ष्मीको पाद कमल, द्यों छे लुक महादेव आदि विभिन्न स्थानमा अनगिन्ती देवी देवताका मूर्ति पाटी, इनार, ढुंगेधारा, पूजास्थल, तान्त्रिक दिक्षाघर आदिका शिलालेख पाइन्छन् । नृत्य र संगीतका आराध्यदेव, नाट्यश्वरको साथै कामवासनाका प्रतीक कामदेव र रतीको मूर्ति पनि यसै क्षेत्रमा पाइने हुँदा यस क्षेत्रमा धर्म, कला र संस्कृति सम्बन्धी सम्पूर्ण कुरा पाइन्छ ।

सनातन धर्म तथा चाडपर्व र जात्राहरू नै हाम्रो संस्कृतिका मेरुदण्ड हुन् । संस्कृतिको मूर्त रूप नै प्रचलित विभिन्न जात्रा तथा चाडपर्वमा अवलोकन गर्न सकिन्छ । यस्तो सांस्कृतिक मूल्य मान्यता बोकेको क्षेत्रको अध्यय गरी लोकसँग सम्बन्धित तथ्यहरू संकलन गर्ने कार्य गरेकी छु । यसले यहाँ चलेका लोकोक्तिहरूको केही हदसम्म भए तापनि संरक्षण हुने आशा गरौं । यदि हामीले हाम्रो धर्म, संस्कृतिलाई अपहेलना गर्ने हो भने हाम्रो अस्तित्व नै लोप हुन सक्ने कुरामा दुईमत नहोला । यसैले हामीले हाम्रो धर्म संस्कृति, चाडपर्वको उचित संरक्षण गर्नुपर्दछ ।

## १.२ समस्याकथन

लोकसाहित्य लोकले कथेको मानेको अति नै प्राचीनता झल्काउने साहित्यिक पाटो हो । यसैअन्तर्गत लोककथा पर्दछ । नेपाल बहुजातीय, बहुभाषिक मुलुक हो । विविध प्रकारको सामाजिक भाषिक तथा साहित्यिक भिन्नता भएको कारणले विविध प्रकारको लोकसंस्कारभित्र लोककथाहरू लुकेर रहेका छन् । अतः ती लोककथाहरूलाई सङ्कलन र अध्ययन गरी प्रकाशनमा ल्याउन नितान्त आवश्यक भएकाले यस अध्ययन पत्रमा काठमाडौँ जिल्लाको हाँडीगाउँ क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलनलाई मुख्य समस्याको रूपमा लिइएको छ । यसका मुख्य समस्या कथन यस प्रकारका छन् ।

(१) काठमाडौँ जिल्लाको हाँडीगाउँ क्षेत्रमा केकस्ता लोककथा हरू प्रचलनमा रहेका छन् ?

(२) काठमाडौँ जिल्लाको हाँडीगाउँ क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र  विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३. उद्देश्य

यस अध्ययनपत्रको उद्देश्य निम्नअनुसार रहेको छ ।

(१) काठमाडौँ जिल्लाको हाँडीगाउँ क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गर्नु ।

(२) प्रचलित लोककथाहरूको वर्गीकरण र  विश्लेषण प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य

अध्ययनपत्रको मूल धेय भनेको लोकमा प्रचलित विभिन्न लोककथाको जगेर्ना गर्नु हो । यसले अग्रजहरूको मनमस्तिष्कमा रहेका विभिन्न अनुभवहरू संगालेर उहाँहरूको बहुमूल्य अनुभवहरूलाई लोककथाको रूपमा सङ्कलन गर्ने जमर्को अघि बढ्ने छ । यसले समाजमा हराएर जाने विविध सांस्कृतिक मूल्य मान्यतालाई जस्ताका तस्तै राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## १.५. अध्ययनको सीमाङ्कन

नेपाली लोकजीवनको प्राचीन सम्पदाको महत्वपूर्णविधा हो, लोककथा । नेपाली जातिको उत्पत्ति जति पुरानो छ, लोक कथा पनि त्यति नै पुरानो छ । यस्तो गहन विषयलाई यस अध्ययनपत्रको कार्यक्षेत्रभित्र समेट्न गाह्रो भएपनि प्रस्तुत अध्ययनपत्र काठमाडौं जिल्लाको हाँडीगाउँ क्षेत्रभित्र प्रचलित लोककथाहरूको अध्ययन र सङ्कलनमा आधारित रहेको छ ।

## १.६. अध्ययनको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनपत्रमा सम्बन्धित क्षेत्रमा गई लोककथाहरूको सङ्कलन गरिएकाले क्षेत्रीय अध्ययन विधि यसको प्रमुख विधि रहेको छ । त्यसैगरी लोककथाको सार्वभौम मान्यतालाई स्थापित गर्न र सैद्धान्तिक कुराको खोज गर्न पुस्तकालय विधि पनि अवलम्वन गरिएको छ । यसरी क्षेत्रीय अध्ययन विधि र पुस्तकालय शोधविधिलाई तालमेल गराइ सामाग्री सङ्कलन गरिएको छ ।

## १.७ सामाग्री सङ्कलनविधि

यस अध्ययनपत्रमा सम्बन्धित क्षेत्रमा गई स्थानीय लोककथाहरूको सङ्कलन गरिएको छ । यस लोककथामा क्षेत्रीय अध्ययन गरिएको छ ।

## १.८. सामाग्री विश्लेषणविधि

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित सामाग्री विश्लेषणको लागि लोकसाहित्यको सैद्धान्तिक अवधारणा रही निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

### १.९. अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रको रूपरेखा निम्नानुसार तयार पारिएको छ -

पहिलो परिच्छेद : अध्ययनपत्र परिचय

दोस्रो परिच्छेद : काठमाडौँ जिल्ला र हाँडीगाउँ जिल्लाको परिचय

तेस्रो परिच्छेद : काठमाडौँ जिल्लाको हाँडीगाउँ क्षेत्रमा सङ्कलित लोककथाहरू

चौथो परिच्छेद : सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

पाँचौँ परिच्छेद : सारांश तथा निष्कर्ष, उपसंहार

सन्दर्भ सामग्रीसूची

### दोस्रो परिच्छेद

# काठमाडौँ जिल्ला र हाँडीगाउँ जिल्लाको परिचय

## २.१ विषयप्रवेश

नेपाल प्राकृतिक रूपले सम्पन्न राष्ट्र हो । क्षेत्रगत आधारमा सानो राष्ट्र भएतापनि यसले भौगोलिक विविधता, भाषिक विविधता, सांस्कृतिक विविधता, सांस्कृतिक विविधता बोकेको छ । त्यसैले त हाम्रो देशले बहुजातीय, बहुभाषिक सांस्कृतिकरूपले सम्पन्न राष्ट्र भनेर प्रसिद्धि कमाएको छ । यस्तो राष्ट्रको राजधानी काठमाडौँ जिल्ला हो ।

यहाँ अनेकौँ अवसर खोज्नेदेखि लिएर राज्यका हरेक महत्वपूर्ण कार्यहरू हुने गर्दछन् । काठमाडौँ जिल्ला राष्ट्रकै मुटुको रूपमा लिन सकिन्छ । हाल आएर प्रदेशअन्तर्गत प्रदेश ३ को रूपमा चिनिएको छ । हुन त विकास निर्माण राष्ट्रको मुटु मात्र नभएर यो थलो पवित्र पशुपति क्षेत्र, प्राकृतिक, सांस्कृतिक विविधता बोकेको क्षेत्र हो । यसैले त विभिन्न साहित्यका हस्तीहरूले  यस क्षेत्रको मुक्तकण्ठबाटै व्याख्या गरेका छन् । पृथ्वीको स्वर्गको रूपमा परिकल्पना गरेका छन् । यस क्षेत्रमा हुने हरेक गतिविधिहरू राष्ट्रकै निमित्त महत्वपूर्ण हुने खालका हुन्छन् । यहाँका वास्तविक कुराहरू कृतिमतारूपी बादलले छोपिन पुगेका छन् । यहाँका वास्तविक रूप हेर्ने हो भने औँलाले गन्न मिल्ने केही ठाँउहरू छन्, ती ठाँउमा हालसम्म पनि कोही समुदाय आफ्नै सँस्कृति, संस्कार, परिवेशमा मग्न छन् । छेउछाउका क्षेत्रमा हुने कुनै पनि पश्चिमी सभ्यताले यहाँका स्थानीयबासीलाई केही प्रभाव नै नपरे झैँ भान हुन्छ । यस्तै यस क्षेत्र अन्तर्गत हाँडीगाउँ क्षेत्र पर्दछ ।

## २.१.२ हाँडीगाउँको परिचय

हाँडीगाउँ काठमाडौ जिल्लाको क्षेत्र नं. ५ मा पर्दछ । इतिहासको पानाहरू पल्टाउने हो भने विशालनगर स्थानलाई एक समृद्ध र विकसित विराट बजारको रूपमा व्याख्या गरिएको पाइन्छ । हाँडीगाउँ क्षेत्रपनि यसै विशाल नगरक्षेत्रमै अवस्थित रहेको पाइन्छ । यस क्षेत्रको सिमानाको कुरामा पाटनदेखि टोखासम्मको ठूलो भाग नै विशालनगर थियो भन्ने कुराको किंवदन्ती रहेको छ । हालको विशालनगर त्यही किंवदन्तीको प्रमाण हुनसक्छ । यहाँ हुने जात्राको बाजाको लागि हालसम्म पनि पाटनदेखि टोखासम्म खबर गर्नुपर्ने कुरा पनि रहेको छ । यो क्षेत्रलाई सबैभन्दा पुरानो सहरीबस्ती मध्ये एक मानिन्छ । यसको उत्पति

आधिकारिक रूपमा ई.पू. १५० सम्म पुगेको देखिन्छ । (**सन्दर्भ : esc.com.np**) यसद्वारा किराँती दिनहरूबाट सुरु हुने ऐतिहासिक सम्बन्ध हो । जसले मल्ल अवधिमा र लिच्छवीशासनमा राम्रै मद्दत गऱ्यो । यहाँका मध्ययुगीन युगमा यहाँका शासकहरूको वस्तुस्थितिका बारेमा चर्चा गरेको पाइन्छ । धेरै इतिहासकारहरूको विश्वास रहेको छ । राजा मानदेव, अंशुवर्माद्वारा निर्मित समृद्ध राजधानी कैलाशकुट जस्ता लिच्छवीकालीन महलहरू यसै क्षेत्रमा अवस्थित थिए । कैलाशकुट गहनापोखरीको दक्षिण र मालागुरुको पश्चिममा रहेको इतिहासविद्हरूको भनाइछ । यज्ञका निसानहरूको रूपमा हालसम्म पनि सुन्दर पत्थरका मूर्तिहरू र मन्दिरहरूको रूपमा देख्न पाइन्छ । यस क्षेत्र कहाँदेखि कहाँसम्म फैलिएको थियो भन्ने कुरा भन्न गाह्रो भएतापनि यस अन्तर्गत टोलको विस्तारको दृष्टिले भन्ने हो भने भिमसेन स्थानदेखि भूतेश्वर, भूतेश्वरदेखि डबली, डबलीदेखि लामोढुङ्गा, डबलीदेखि दक्षिणतर्फबाट गहनापोखरी, लामोढुङ्गाबाट भीमसेनस्थानलाई क्रमशः थतुटोल, डडुटोल, न्यालमाटोल, कोटालटोल, पावलीटोल हालको लामोढुङ्गा मार्ग परले टोल ( पोडेहरूको बस्ती भएको टोल) हालको हात्ती महाङ्काल मार्गलाई अर्थ्याएको मान्न सकिन्छ । मोटामोटी रूपले उक्त क्षेत्र नै हाँडीगाउँको किल्ला वा देश रूपको बस्ती रहेको अन्दाज गर्न सकिन्छ । स्थानीय बुढापाकाहरूको भनाइअनुसार सुरक्षाको हिसाबले सो स्थानको चारैतर्फ गोपुरण भयो अर्थात् लिच्छवी राजदरबार डबली क्षेत्रमा रहेको हुँदा दरबारको उत्तरतर्फको प्रवेशद्वार हालको भूतेश्वर उकालोको गणेशसँगै थियो । ढोका भएको हुँदा सो स्थानलाई हालसम्म पनि "ढोका वा" भनिन्छ । उत्तर तर्फबाट दरबार क्षेत्र प्रवेश गर्न सिँढी चढी अगाडि बाटोको दाँयाबाँया फैलिएर रहेको ठूलो ढुङ्गा बाटो कालोपत्र गर्दा छोपिएको छ । दक्षिण तर्फबाट दरबार क्षेत्र प्रवेश गर्न मालीगाउँ ओरालोको नाटेश्वरी मन्दिरको पूर्वतर्फको गोपुर प्रयोग हुन्थ्यो भने पश्चिमतर्फ कुमार कार्तिकेयको मन्दिरसँगै लामोढुङ्गासँगै भीमसेनको मन्दिरसँगै भीमसेनस्थान तर्फबाट प्रवेश गर्ने द्वारको अगाडि ठूलो उत्तर दक्षिण फैलिएको ढुङ्गा सिमानास्वरूप रहेको थियो ।

जुन हाल विशालनगर पुस्तकालयमा सुरक्षित छ । पूर्वतर्फको गोपुर सत्यनारायण मन्दिरभन्दा पूर्व रुद्रमती वारी थियो । राजा मानदेव र राजा जयदेव द्वितीयको समयमा हाँडीगाउँ क्षेत्र सर्वाधिक महत्वपूर्ण स्थान थियो । वस्तु विज्ञानअनुसार त्यस समय यस नगर खण्डलाई अन्तोनगर (भित्रि सहर) र नक्साल गैरीधारा, भाटभटेनी तथा टुडाँलदेवी क्षेत्र बाहिरीनगर (बाहिरी सहर) अर्थात् सर्वसाधारणको नगर मानिन्थ्यो । बाहिरी नगरका चारैतर्फ

किल्लारूपी ठूला पर्खाल र सोभन्दा बाहिर सुरक्षाको हिसाबमा चारैतर्फ ठूलाठूला खाडलहरू थिए । भविष्यमा खाडलहरूक्रमिक रूपमा पुरिएर केही भागले ठूला साना पोखरीको रूप लियो भने बाँकी भागमा बस्ती बढ्दै गयो । जसको पुष्टि केही वर्ष अगाडिसम्म माथि उल्लेख भएबमोजिम बाहिरी नगरको सिमाना बाहिर पाइने पोखरी र विस्तारित बस्तीको बनावटमा प्रष्ट हुन्छ । मल्लकालमा हाँडीगाउँबाट गाइजात्रा पर्वमा निकालिने गाईलाई भूतेश्वर मालिगाउँ, सानोगौचरण, नक्साल, नारायणचौर, गैरीधारा, टंगाल भाटभटेनी, भिमसेनस्थान पञ्चेधारासम्म घुमाइने हुँदा त्यस समय गाउँको क्षेत्र सो नै कायम थियो भन्न सकिन्छ । स्थानीय बुढापाकाहरूको भनाइअनुसार त्यस समय हाँडीगाउँ क्षेत्रमा ३२ वटा टोल थिए । (आचार्य, २०६३:९,१०)

### २.१.३. हाँडीगाउँ क्षेत्रको नामाकरण

आफ्नो संस्कार र संस्कृतिका कट्टर अनुयायी नेवार समुदायको बाहुल्य रहेको हाँडीगाउँको नामाकरणबारे तोकेर भन्न गाह्रो भए तापनि माथि भूमिकामा उल्लेख भएबमोजिम चार नारायणले घेरेको यस क्षेत्रको नाम हरिपुरबाट अप्रभंश भइ हरिग्राम भएको हुनसक्छ । बलवन्तदेवले हरिपुर बनाएको तत्काल प्रमाणहरूबाट थाहा हुन्छ । उनले बज्ररथमा हरिपुर बनाएको उल्लेख केशर वंशावलीमा पाइन्छ । त्यस्तै मत्स्य आकारको लामोढुङ्गाको नामबाट पनि हाँडीगाउँ नामाकरण भएको भन्ने भनाइ पनि छ र अर्थात् नेवारीमा माछालाई “ङा” भनिने हुँदा ङादेश हाँडीगाउँलाई भनियो, जुन भनाइ भक्तपुर तथा ठिमीतर्फ अद्यावधिक पाइन्छ । गोपालराज वंशावलीमा भने बज्ररथको उल्लेख नगरी उनै राजाले हरिपुर बनाएको भन्ने तथ्य उल्लेख गरिएको हुनाले यसलाई एक ऐतिहासिक घटनाको रूपमा लिइ ‘हरिपुर’ को सम्बन्धबाट हरिग्राम र हाँडीगाउँ नामाकरण भएको पनि हुन सक्दछ । किंवदन्तीको आधारमा कुमारले प्रजातिहरूले भिक्षा माग्न आएका जोगीरूपी शिवजीलाई हाँडीको पात्रमा रादी भिक्षा दिएकोले शिवजीलाई हाँडीगाउँ नाम राखेका हुन् भन्ने उल्लेख गरेको पनि पाइन्छ ।

विजकहरू बसोबास गरेका हुनाले हाँडीगाउँको पुरानो नाम बृजिकरथ्या रहेको भन्ने भनाइछ । हाँडीगाउँलाई नरदेश भनी सम्बोधन गर्ने चलन अध्यावधि पाइन्छ । त्यस्तै हाँडीगाउँ सत्यनारायण स्थान नजिकको उत्खननमा प्राप्त लिच्छवी लिपीमा ‘हरिग्रामे प्रणालीय जलद्रोणी’ भन्ने वाक्यबाट हाडीँगाउँको नाम हरिग्राम थियो भन्न सकिन्छ ।

वास्तवमा अध्यावधि अध्ययन गर्दा हाँडीगाउँको पूर्व रुद्रमतीको नजिक अवस्थित लिच्छविकालीन सत्यनारायणको मूर्ति, उत्तरमा विष्णुको अवतार धुम्बाराही नारायणको मूर्ति दक्षिणमा ज्ञानेश्वर सानो तथा सुन्दर चतुर्वाहु नारायणको मूर्ति र नक्साल नारायण चौरको नारायणको मन्दिरले स्पष्ट हुन्छ कि पशुपति क्षेत्रसँग जोडिएको सो क्षेत्रमा विष्णु भगवानको बढी आराधना गरिने हुँदा सो स्थानको नाम 'हरिग्राम' रह्यो । कालान्तरमा सोही नाम अप्रभंस भइ हाँडीगाउँ भयो । (आचार्य, २०६३:११)

## २.२ हाँडीगाउँ क्षेत्रको सङ्क्षिप्त परिचय

हाँडीगाउँ क्षेत्र बाग्मतीसभ्यताको साक्षी झैँ देखिन्छ । बसोबासका दृष्टिले उत्तम सुरक्षित उँचो स्थानमा रहेको क्षेत्र हो । चारैतिरबाट आवतजावत दृष्टिले पनि सुविधाजनक स्थान  हो । राष्ट्रकै मुटु,केन्द्रबिन्दु हरेक क्षेत्र, वर्ण समूहको समागमस्थान कै रूपमा पनि यस क्षेत्रलाई लिन सकिन्छ । यो क्षेत्रकला, संस्कृति ऐतिहासिक मूल्य, मान्यता लगायत लोककथा, लोकगाथाको उद्‌गम थलोको रूपमा रहेको पाइन्छ । केही विशिष्ट व्यक्तिका अथक प्रयास यस क्षेत्रको संस्कृतिक, ऐतिहासिक ज्ञान गंगामा पौडने जमर्को गरे तापनि अझैँ पनि यस क्षेत्रमा व्याप्त सुक्ष्म रूपमा रहेका कला, संस्कृति, संस्कारहरू उचित संरक्षण गर्नुपर्ने  देखिन्छ ।

### २.२.१ हाँडीगाउँ क्षेत्रको सम्पदा र वर्तमान अवस्था

हाँडीगाउँ क्षेत्रका अग्रजहरूका अनुसार यो क्षेत्रमा रहेका टोलमा घरैपिच्छे जस्ता कुनै न कुनै मठमन्दिर, मूर्तिहरू छन् । हुन पनि सानोतिनो कुनै न कुनै मूर्ति टोलका घर बिराएरै नै  छन् । साथै अलि धेरै क्षेत्र ओगटेका मन्दिरहरू पनि धेरै नै छन् जस्तो कुमार कार्तिकेय (षड्‌मुखा भगवती) सरस्वती मन्दिर, डबली, नारायण मन्दिर, भूतेश्वर भैरव, दक्षिणकाली, भीमसेनस्थान पोखरीहरू । यी सम्पदाहरूको उचित संरक्षण नहुँदा कतिपय शिलालेखहरू लोप हुन लागिसके । कतिपय ढुङ्गाहरू घामपानी गाडीको ठक्करले चर्किएका छन् । भुँइचालो पश्चात् कतिपय मन्दिरहरूको पुननिर्माण हुँदैछ ।

### २.२.२ सामाजिक अवस्था

हाँडीगाउँ क्षेत्र नेवारी सम्प्रदायको बाहुल्यता रहेको क्षेत्र भएतापनि बस्ती बढ्ने क्रममा क्षेत्री, बाहुन, राई, लिम्बु रहेक जातजाति भाषाभाषीका व्यक्तिहरू यस क्षेत्रमा

बसोबास गर्छन् । यहाँ हिन्दु धर्मालम्बीहरूको विशेष बाहुल्यता रहेतापनि बौद्धधर्मालस्वीहरूको पनि उत्तिकै बाहुल्यता देखिन्छ । यहाँ धार्मिक, जाति, सांस्कृतिक रूपले कुनै भेदभाव छैन । शिक्षा क्षेत्रमा पनि यो क्षेत्रले केही उन्नतिनै गरेको पाइन्छ । जुन रूपमा यो क्षेत्रको पहिचान अघि बढ्नुपर्ने हो । त्यस रूपमा चाहीं उन्नति हुन नसकेको जस्तो भान हुन्छ । यहाँका स्थानीय व्यक्तिको जीवनस्तर निम्न, मध्यम र उच्च खालको रहेको पाइन्छ । यसक्षेत्रको व्यक्तिले संस्कार धर्मलाई जगेर्ना गरेको पाइन्छ ।

### २.२.३ सांस्कृतिक अवस्था

हाँडीगाउँ क्षेत्र सांस्कृतिक रूपले एकदमै सम्पन्न क्षेत्र हो । यहाँ जात्रा नभएमा जात्रा हुन्छ भन्ने लोकोक्ति पाइन्छ । यहाँका स्थानीयबासीहरूले हरेक चाडपर्व, जात्राहरूको असाध्यै जगेर्ना गरेको पाइन्छ । यहाँका हरेक जात्रा, पर्व मठ मन्दिरसँग कुनै न कुनै लोककथा रहेका छन् । यहाँका बाजागाजाको पनि आफ्नै खालका विषेशता रहेका छन् । भेषभुषाको कुरामा पनि जात्रा पर्व बिशेष अनुसार संस्कृति झल्किने पोसाकहरू लगाउने प्रचलन रहेको छ ।

### २.२.४ राजनैतिक अवस्था

नेपाल अधिराज्यकै केन्द्रविन्दुको निकट क्षेत्र भएकाले यो क्षेत्रमा राजनैतिक अवस्था समृद्ध देखिन्छ । यहाँ सबैखाले सानातिना राजनैतिक पार्टीहरूको बाहुल्य रहेता पनि बिशेष स्थानमा ने.क.पा. का नारायण सिलवाल रहेका छन् र अन्य विविध एकाइहरूमा ने.का. र अन्य पाटीको पनि केही स्थान रहेको छ । साथै यस क्षेत्र वरिपरी नै विभिन्नविषेश स्थानमा रहेका नेताहरू स्थानीयवासी छन् जस्तै स्वः सूर्य बहादुर थापा ।

### २.२.५. धार्मिक अवस्था

काठमाडौं क्षेत्र नै मन्दिरै मन्दिरले छोपिएको क्षेत्र हो । यसबाट हाँडीगाउँ क्षेत्र पनि अछुतो रहन सक्तैन । यहाँका हरेक टोल घर जतातत‍ै कुनै न कुनै मठ मन्दिर देवालय रहेको पाइन्छ । नृत्य तथा संगीतका आराध्यदेव नाट्येश्वरको मन्दिर समेत रहेको हाँडीगाउँका बासिन्दाले पूजा आराधना गरी नृत्यँ तथा संगीत सिक्ने हुँदा यस क्षेत्रमा बाजा खलहरूको प्रधानता छ । संस्कार उत्सव तथा यस क्षेत्रमा मनाइने टुँडालदेवी भाटभटेनी, भीमसेन, गाईजात्रा रोपाईजात्रा लावाजात्रा कृष्णजात्रा, इन्द्रजात्रा, भगवती जात्रा भगवतीजात्रा, चोक्काथु नारायण जात्रा, गणेशजात्रा, श्रीपञ्चमी मैतीदेवी जात्रा, नागपञ्चमी

बुद्धजयन्ती, देवालीपूजा, कोतपूजा, बाह्रबर्षे नाच आदि पर्व तथा  जात्राहरूमा तोकिएका बाजाहरू बजाइन्छन् । विशेषगरी पायता, धिमे टप्पा, बाँसुरी नेवाः ब्याण्डबाजा बजाइन्छन् । यस क्षेत्रमा हिन्दु, बौद्ध धर्मालम्वीहरूको बाहुल्यता रहेको पाइन्छ ।

### २.२.६ पुरातात्विक अवस्था

हाँडीगाउँ क्षेत्र पुरातन सभ्यताको जग नै भन्दा पनि हुन्छ । यस क्षेत्रलाई नै नमुना क्षेत्रमा विकास गरी यहाँका हरेक सम्पदालाई पुरातात्विक रूपले संरक्षण गर्न सकेमा यस क्षेत्र विश्व सम्पदा सूचीमा सूचीकृत हुन सक्दछ । बढ्दो सहरीकरणले कतिपय प्राचीनता बोकेका सम्पदाहरूजीर्ण भइसके, कति त लोपहुने अवस्थामा छन् भने कति त हराएर गइसके यसले गर्दा समाजका अगुवा स्थानीयबासी पुरातत्व विभाग यसमा संवेदनशील बन्नुपर्ने देखिन्छ । यदि हामीले यस क्षेत्रको सही संरक्षण गर्न सकेमा ऐतिहासिक कुराको अध्ययन गर्ने क्षेत्रमा नै यो क्षेत्र प्रसिद्ध हुनसक्ने कुरामा सायद दुई मत छैन होला ।

### २.२.७ आर्थिक अवस्था

हाँडीगाउँका क्षेत्रको स्थानीयबासीको मुख्य आयआर्जनको स्रोत नै खेतिपाती हो । हाल आएर कोहीले व्यापार र व्यवसाय, रोजगारीका अन्य क्षेत्रमा पनि कार्यरत छन् । यस क्षेत्रका व्यक्तिहरूको आर्थिक अवस्था निम्न, मध्यम र उच्च खालको रहेको छ । कतिपय त अझै पनि खेतिपाती, तरकारी व्यवसायमा नै संलग्न छन् । खासै उद्योगधन्दा कलकारखाना हरू यस क्षेत्रमा फस्टाएका छैनन् । यहाँको व्यक्तिहरूको आर्थिक अवस्था जीवनशैली सामान्य खालको नै छ ।

### २.२.८ भौगोलिक अवस्था

हाडीगाउँ क्षेत्रको भौगोलिक अवस्था हेर्ने हो भने यो पहिले देखि नै राज्यमा बसोबासकै थलोको रूपमा रहेको स्थान हो । यो क्षेत्र असाध्यै राम्रो हावापानी , माटो, उर्बर भूमि भएको क्षेत्र हो । यहाँ कुनै प्राकृतिक प्रकोप नहुने खालको भू-बनोट रहेको पाइन्छ । साथै यहाँ हरेक खालका फलफुलहरू फल्ने गर्दछन् । बसोबासको दृष्टिले अति नै उत्तम र सर्वश्रेष्ठ क्षेत्र नै मान्नुपर्दछ हाँडीगाउँ क्षेत्रलाई ।

## २.२.९ सुरक्षा अवस्था

हाडीगाउँ क्षेत्र सुरक्षा दृष्टिले पनि उत्तम मानिन्छ । यहाँ राष्ट्रकै सुरक्षाको प्रमुख प्रशासन नै रहेको पाइन्छ । यहाँका हरेक घरमा प्रहरी बस्ने भएकाले पनि होला खासै अपराधिक गतिविधि हुँदैन । यस क्षेत्रको  सुरक्षा अस्था सहज र सुलभ रहेको पाइन्छ ।

## २.३ निष्कर्ष

हाँडीगाउँका बासिन्दाहरूको मुख्य पृष्ठभूमि नै धर्म हो । यस क्षेत्रमा संस्कृतिका अङ्ग वास्तुकला, मूर्तिकला, चित्रकला, नृत्य संगित रितीरिवाज रहनसहन आदि प्रायः धार्मिक आधारमा नै रहेको छ । यहाँ वस्तुस्थिति अवलोकन गर्दा देवी देवताको संगमस्थल मान्न सकिन्छ । लिच्छविकालीन इतिहासअनुसार यो क्षेत्र लिच्छवीकालीन राजधानी हो भन्ने प्रमाणित गर्दछ । उपत्यकाका रहेक संस्कृति चाडपर्वसँग यस क्षेत्रको केही न केही सम्बन्ध रहेको हुन्छ । यस क्षेत्रमा बाह्रै महिना ठूला साना जात्रा तथा पर्वपूजा भइनै रहन्छन् । यस क्षेत्रमा पाइने देवी देवताको मूर्ति तथा पुरातात्विक सामग्रीले लिच्छवी र मल्लकालीन संस्कृति कला, धर्म, पूजाविधि तथा तान्त्रिक मतको बारे जानकारी दिन्छ भने यसै स्थानमा पूर्वलिच्छीविकालीन अधिष्ठात्री भगवति टुँडालदेवी भाटभटेनीमाई लिच्छविकालीन कुल तथा इष्टदेवी मनमानेश्वरी सत्यनारायण भीमसेन, महाकाल जस्ता मठमन्दिरहरू र अन्य शिलालेखहरू पाइन्छ नृत्य र संगीतका आराध्यदेव नाट्यश्वरको साथै काम वासनाका प्रतीक कामदेव र रतीको मूर्ति पनि यसै क्षेत्रमा पाइने हुँदा यस क्षेत्रमा धर्म कला र संस्कृति सम्बन्धि सम्पूर्ण कुरा पाइन्छ ।

सनातन धर्म तथा चाडपर्व र जात्राहरू नै हाम्रो संस्कृतिका आधारशिला हुन् । संस्कृतिका सजीव स्वरूप नै प्रचलित विभिन्न जात्रा तथा चाडपर्वमा अवलोकन गर्न सकिन्छ । यदि संस्कृतिको अवमूल्यन गर्ने हो भने भविष्यमा हाम्रो पहिचान नै रहदैन । हामी स्वयम् पहिचानविहीन बन्न पुग्छौं । हाम्रो दायित्व भनेको संस्कृतिको संरक्षण गरी संस्कृतिलाई विकृति हुनबाट जोगाउनु नै हो ।

# तेस्रो परिच्छेद

## काठमाडौँ जिल्लाको हाँडीगाउँ क्षेत्रमा संकलित लोककथाहरू

### ३.१ विषयप्रवेश

लोककथा त्यति नै पुरानो छ जति पुरानो लोक छ । तर मान्छेले भनेका र सुनेका कथालाई लिपिवद्ध गरेर राख्ने काम कथाहरूको संकलन गरेर राख्ने काम लिपिको आविष्कारपछि मात्र भयो । संस्कृतमा रचिएको वेद श्रुति परम्परामा धेरै वर्षसम्म सुरक्षित रह्यो । वैदिक साहित्यमा शुनः शेपका कथा अपाला र आभेयीका कथा, चेगन, भाविक र सुकन्याका कथा, पुरुरवा र उर्वशीका कथा छन् । शत्पथ ब्राह्मणमा दध्यङ अथवर्णको कथा छ । कठोपनिषदमा नाचिकेताको कथा र केनोपनिषद्मा अग्नि र यक्षका कथा छन् । लोक जीवनका कथाहरूको वृहत संकलन गुणाढ्यको वृहद तथा कथा मूल रूपमा पैशाचीमा लेखिएको थियो । यसका ३ संस्कृत रूपान्तर प्राप्त छन् । यिनमा एउटा हो नेपालका बुद्ध स्वामीले आठौं नवौं ई.  मा तयार गरेको वृहतकथा श्लोक संग्रह १२८ सर्गहरूमा ४५३९ श्लोक छन् । दोस्रो हो कश्मीरका कवि (११औं शताब्दी) क्षेमेन्द्रवृत कथा मञ्जरी जसमा ७५०० श्लोक छन् । तेस्रो हो सोमदेवको कथा सरित्सागर जसमा २४०० श्लोक छन् । सोमदेव क्षेमेन्द्रका समकालीन मानिन्छन् । (सन्दर्भ बन्धु, २०५८: २९३)

साहित्यको विभिन्न परिचय परिभाषाहरू प्रचलित छन् । साहित्यलाई कसैले प्रकृति समाजको मूर्त रूप मनभित्रको कुण्ठा, मनोरञ्जन जस्ता विविध चिजको बिचमा तुलना गरी साहित्यलाई चिनाउने प्रयास गरिएको पाइन्छ । साहित्य भनेको पाठक र लेखकको सहसम्बन्ध हो । जसले पाठकका अङ्ग प्रत्यङ्ग मनोभावना सबैलाई एकत्रित पारी स्रष्टाको मनोभावको सागरमा पौडिन बाध्य पार्दछ । यस्तो साहित्यका अनेकौं विधाहरू छन् । यस अन्तर्गत लोकगीत, लोकनाटक, लोककथा आदि पर्दछन् ।

लोकसाहित्य लोकले कथेको मानेको जति नै प्राचिनता झल्काउने साहित्य हो । यसै अन्तर्गत लोककथा पर्दछ । लोकजीवनका सर्वाङ्गीण पक्ष केलाउने प्रस्तुत गर्ने कार्य लोककथाले गर्दछ । यसले समाजमा व्याप्त सुख, दु:ख, आसु, रोदन, हर्षको स्पष्ट चित्रण गर्ने गर्दछ । लोकसाहित्यको मूल धेय भनेको लोकले भनेको, गरेका, मानेका विभिन्न रितीथिती बचाउनु हो । यसले वास्तविक लोकलाई जस्ताको तस्तै राख्न महत्वपूर्ण भूमिका

निर्वाह गर्दछ । हाम्रो समाजमा विद्यमान चालचलन कसरी यस अवस्थासम्म आइपुग्यो सोको तस्विर प्रतिविम्व मान्न सकिन्छ ।

हुन त भनाइ नै रहेको छ,, "बुढा मरे भाषा सरे"

लोक भनेको समाज हो । जब मानव सभ्यताको सुरुवात भयो साथसाथै साहित्यको पनि विकास भयो । प्राचीन कालदेखि नै लोकले आफ्नो मनोभावना अनेकौं माध्यमद्वाराव्यक्त गर्दै आएका छन् । यसमा गायन लोककथा उखान टुक्का, पहेली ठट्टा आदि गर्दै परम्परालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आएको पाइन्छ । हिमालको शिर, पहाडको मध्य भाग, तराईको अन्य अनेकौं प्रकृतिका अभूतपूर्व गहना आफ्नो मायालु काखमा बहुजाति भाषा, धर्म, संस्कृतिलाई एक मातृवात्सल्य प्रेमले भरिएको आमाले अवोध शिशुलाई अङ्गालो झैँ अङ्गालेको पाइन्छ । विभिन्न मौसम चाडपर्व ऋतु, संस्कार, दुःख, पीडा, थकान, आत्मानुभूति व्यक्त गर्न होस् या माया, प्रेम, नैतिकता, आदर्श, भाव देखाउनका लागि होस् या मनोरन्जन गर्नका खातिर परम्पराकालदेखि चलेको एक विधालोककथा हो । साहित्य मानव सभ्यताको विकास सँगसँगै सुरु भएको पाटो हो । त्यसैको अर्को अङ्ग लोककथा हो । यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित अमूल्यनिधि हो । जसलाई पैतृक सम्पत्ति अर्को पुस्तामा सरे झैँ मान्नुपर्छ ।

**३.२. भाटभटेनीको कथा**

परापूर्वकालमा एउटा गाउँमा धेरै मानिसहरू बसोबास गर्दथे एकदिन एउटा परिवारले आफ्नो बच्चा छिमेकीलाई हेरविचार गरिदिन भनेर केही समयको लागि बाहिर गएका थिए जब उनीहरू फर्केर आए त्यसपछि उनीहरू आफ्नो बच्चा लिन छिमेकी कहाँ पुगे । छिमेकीले उनीहरूको बच्चा दिन खोज्दा बच्चा भेटेनन् तब ती बच्चा आमाबुबा आत्तिएर बच्चाको खोजी गरे तर कतै पनि भेट्टाएनन् । त्यसपछि उनीहरूले चित्त दुखाएर श्राप दिए "तिमीहरू पनि बच्चा विहीन हुन परोस्, जमिनमा टेक्न पनि नपाओस्, आकाशमा उड्न पनि नसकोस् भने" त्यही बेलादेखि हालसम्म पनि ती दम्पत्ति झुण्डिएका हुन् । धेरै कालपछि उनीहरूले आफूले गरेको पश्चातापको लागि अब जेजति वाधा दुःख विराम हुँदा रक्षा गर्न थाले । त्यही बेलादेखि बच्चा धेरै बिरामी भए भाटभटेनी ढोगाउने, पूजा गर्ने चलन रहेको छ ।

स्रोत व्यक्ति : ज्ञानु श्रेष्ठ, वर्ष ५३

### ३.३. पाँच अरे

घोडे जात्राको पाँचदिन अगाडि पाँच अरे मनाइन्छ । यसमाबाँस पहिले पूजागर्ने भोज खाने अनि खम्बापूजा गर्ने । जब खम्बापूजा गरेपछि मात्रभोज खाने चलन रहेको छ । एकदिन सिन्दुर यात्रा, रथ यात्रा, नक्साल टोलको भगवती, लाल गणेश घोडे जात्राको ३ दिन पछि १० बजे राती पशुपतिमा खम्बा लगिन्छ । यदि पशुपतिनाथको ढोकाखोलियो भने पशुपतिनाथ दर्शन गरी जय बागेश्वरीमा खम्बापूजा गरिन्छ । पुनः कमलपोखरी क्षेत्र परिक्रमा गराएर हाँडी गाउँमा नै लिएर आउने र सिन्दुर जात्रा गरेर भोज खाने चलन छ । पाँच रे भनेको नेवारीमा बाँस काट्ने भनेको रहेछ ।

स्रोत व्यक्ति : पारु श्रेष्ठ, वर्ष ३९

### ३.४. बालक र कमलपोखरी

कमलपोखरी क्षेत्र सबै कुमारीको बास भएको क्षेत्र हो । यो क्षेत्र पहिलेको प्राकृतिक रूप एकदमै रमणीय सुन्दर ठाउँ थियो । यो क्षेत्रको ठाउँ नै कुमारीको बास भएको ठाउँ भन्ने रहेको छ । यस क्षेत्र विशाल थियो । ढकमक्क कमलफुल्ने ठाउँ बालबालिका खेल्ने ठाउँ सबै थियो । खेल्ने क्रममा एउटा बालकको पोखरीमा डुबेर मृत्यु भयो र त्यो बेलादेखि त्यस पोखरीमा केही आवाज आउने र भूत लाग्छ भन्ने किंवदन्ती रहेको छ । त्यसैले त्यस पोखरीमा अझै पनि सुनसान हुँदा बच्चाको आवाज आउँछ भन्ने कथन छ ।

स्रोत व्यक्ति : पारु श्रेष्ठ, वर्ष ३९

### ३.५ देशभक्त राजा

एउटा राजा थिए । उनी साह्रै देशभक्तथिए । एकपटक त्यस राज्यमा अनिकाल पऱ्यो । सबै जना यसको मारमा परे । राजा चिन्तित भए । ज्योतिषलाई देखाउँदा सत्यवान् व्यक्ति, बत्तिसै लक्षणले युक्त भएको व्यक्तिको नरबली दिनुपर्छ भने । त्यसपछि गाउँटोल सबैतिर त्यस्तो लक्षणले युक्त व्यक्तिको खोजीभयो । तर कतै पनि त्यस्ता व्यक्ति भेटिएन । तर अन्तिममा राजाकै छोरा माती लक्षण भेटियो । उनले राष्ट्रका खातिर आफ्नै छोराको नरबली दिने निर्णय गरे । छोराको नरबली दिंदा टाउको उछिट्टिएर बज्रयोगिनीको ठूलो कराईमुनि पुग्यो र तिघ्रा त्यहीं रह्यो । पूजा आराधना सकिएपछि उक्त रहेको भागबाट

पानीआयो । त्यो रहेको भागचाँहि तिघ्रा थियो अद्यवधित्यो तिघ्रारूपी ढुंगाबाट पानी निस्किएकै छ । त्यहाँ पनि रातविहान साँझ हिंड्दा लाग्छ भन्ने किंवदन्ती रहेको छ ।

### ३.६ गरिब किसान

एउटा गरिब किसानथियो । खेतीपातिमा परिश्रम गरी आफ्नो जीविकोपार्जन गर्ने गर्दथ्यो । कामगर्ने क्रममाउसले दिनरात केहीपनिभन्दैन थियो । कामगर्दागर्दै ऊ धेरै समयसम्मकाम गरेको पत्तै पाउँदैनथ्यो । एकदिनको कुरा हो उक्तकिसानले कामगर्दा गर्दै मध्यरातहुन आँटिसकेको कुरा उसलाई पत्तै हुँदैन । खेतबाट फर्कंदा खर्पन बोकी टुँडालदेवीमन्दिर क्षेत्रको बाटो हुँदै फर्किंदै थियो । त्यस समयमाअनायस एकजना बूढी आमै आएर उक्तकिसानलाई खर्पनमा केही वस्तु राखिदिइन् र भनिन“यो खर्पन घर पुगेर मात्र हेर्नू” तर उसलाई कौतुहल जाग्यो । उसले विशालनगर नजिकै पुगेपछि खर्पनभित्र हेऱ्यो । उक्त खर्पनमा मानिसको खुट्टा थियो किसान डराएर त्यो खुट्टा फ्याँक्यो र हतार हतार आत्तिँदै घर गयो । घर पुगेर हेर्दा त आफ्नो लुगा र खर्पनमा जहाँ रगतको छिटा थिए, ती सबै सुनमा परिणत भएको देख्यो । यसबाट पनि टुँडालदेवी आमाको महिमाको बारेमा बुझ्न सकिन्छ । त्यहाँ मसान भएको र आफूसँग जे छ त्यही कुरा दिएको होला भन्ने किंवदन्ती यस क्षेत्रमा प्रचलित रहेको छ ।

स्रोत व्यक्ति : सविन बस्नेत, वर्ष ५०

## चौथो परिच्छेद

## सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

### ४.१ सङ्कलित लोककथाहरूको वर्गीकरण

लिखित वा अलिखित जुन किसिमको भएपनि साहित्य एक प्रकारको रचनाहो, एक प्रकारको कलाहो । विद्वानहरूले साहित्यलाई भाषिककलाभनेका छन् । साहित्यको निर्माण-समाग्री भाषा हो । भाषाबाट निर्मित हुनु लोक साहित्यको साझा विशेषता हो । लोक साहित्यलोक जीवनको सहज तथा सरल अभिव्यक्ति हो । लोक जीवनमा रहेका केही किंवदन्ती लोककथाअनुसार सङ्कलित कथाहरूको वर्गिकरण र विश्लेषण निम्नानुसार गरिएको छ ।

१. सामाजिक लोककथा : भाटभटेनीको कथा, पाँच अरे, देशभक्त राजा

२. पौराणिक लोककथा : गरिब किसानको कथा

३. विश्व ब्रम्हाण्ड प्रकृतिसम्बन्धी लोककथा : बालक र कमलपोखरी

### ४.२ सङ्कलित लोककथाहरूको विश्लेषण

### ४.२.१ सामाजिक लोककथा विश्लेषण

समाजमा परम्परादेखि हस्तान्तरित हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोक साहित्य हो । प्रत्येक भाषाभाषी समुदायको लोकसाहित्य हो । प्रत्येक भाषाभाषी समुदायले आफ्ना परम्पराबाट लोकगीत, लोकगाथा, लोककथा, लोकोक्तिका विविध रूपहरू प्राप्त गरेको हुन्छ । परम्पराबाट प्राप्त गरेकै कारणले गर्दा यस्ता साहित्यलाई परम्परागत साहित्य भनिन्छ । लोक साहित्यलाई मौखिक साहित्य र परम्परागत साहित्यपनि भनिन्छ । सामाजिक लोककथा समाजमा व्याप्त कथन, मिथक किंवदन्ती अनुसार हुने भएकोले सामाजिक लोककथा भन्ने गरिन्छ । सङ्कलन गरिएका कथा मध्ये सामाजिक लोककथा जसले समाजको वस्तुस्थिति चित्रण गरेको देखिन्छ । तिनीहरूको विश्लेषण निम्नानुसार गरिएको छ

## १. "भाटभटेनीको कथा"विश्लेषण

भाटभटेनीको कथा अनुसार समाजमा व्याप्त सामाजिक परिवेशको वस्तु स्थितिको स्पष्ट चित्रण देख्न सकिन्छ । समाज अँचोपैँचो, छरछिमेक, सरसहयोगको आधारमा चलेको थियो । एकले अर्कालाई गर्ने विश्वासका आधारमा अडेको समाज थियो । परेको बेला आफ्नो छरछिमेकलाई आफ्नो परिवार नै जिम्मा लगाएर हिँड्थे भन्ने कुरा पनि देखिन्छ । साथै गल्ती गरेमा दण्ड सजाय पश्चात् पनि भोग्न तयार हुने कुराको पनि स्पष्ट प्रतिबिम्ब देखिन्छ । यसबाट पौराणिक कालमा पनि समाजको अवस्था सुदृढ रहेको दण्ड हीनता नरहेको कुरा प्रष्ट बुझ्न सकिन्छ । आफूले गरेका गल्तीमा पश्चाताप गरेमा सकारात्मक शक्ति उर्जा प्राप्त गरी दैवीरूप प्राप्त हुने कुरा पनि झल्किएको पाइन्छ ।

## २. 'पाँचअरे' विश्लेषण

'पाँचअरे' नेवारी समुदायमा चलेको पाँचदिने उत्सव रहेछ । यसको शाब्दिक अर्थ चाहीँ नेवारीमा पँचायू भनेको बाँस काट्ने रहेछ । जात्रा पर्व विशेषमा चाहिने प्राकृतिक कुराहरूको महत्व संरक्षण सम्बन्धी कुरा 'पाँचअरेले' झल्काउँछ यसको जात्रा पर्व विशेषमा चाहिने वनस्पतिको मान सम्मानसहित पूजाआजा गरेर मात्र त्यसको उपयोग गर्ने प्रचलन झल्काउँछ । यसबाट पुरातन युगदेखि नै प्रकृति र मानव सभ्यताको बीचमा रहेको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्ने कार्य भएको प्रष्ट देखिन्छ । कुनै पनि कार्यसँग कारण जोडिएको हुने कुरा पनि यसबाट स्पष्ट हुन्छ । कुनै पनि खुसीयाली पर्वहरूमा सिन्दुरको प्रयोग सनातन धर्म तथा चाडपर्व र जात्राहरूनै हाम्रो संस्कृतिका मेरुदण्ड रहेछन् भन्ने कुरा पनि यसबाट प्रस्ट हुन्छ । साथै यसमा आराध्यदेव पशुपतिनाथको वर्णन महिमा धेरै कालअघि देखिकै रहेको बुझिन्छ । त्यसका साथै यस क्षेत्रका हरेक गतिविधिले यो क्षेत्रमा मानव सभ्यता पहिले नै समृद्ध रहेको पनि पाइन्छ । साथै आपसी सद्भाव सन्तुलित खानेकुरा मनोरन्जनमा पनि सरिक रहने सभ्यताको बारेमा पनि बुझ्न सकिन्छ । यस व्यक्तिले हाम्रो समाजको मेरुदण्ड नै हाम्रो सांस्कृतिक धरोहर चाडपर्व जात्राहरू हुन् भन्ने कुरा बुझिन्छ ।

### १. देशभक्त राजा विश्लेषण

समाजका अगुवाले परिआएमा आफ्नै सन्तान पनि गुमाउनु पर्ने रहेछ त्याग गर्न सक्नुपर्ने रहेछ भन्ने कुरा देशभक्त राजा कथाबाट चित्रण गर्न सकिन्छ । यस कथाबाट परिआएमा राष्ट्रनायकले आफ्नै सन्ततिको पनि आहुति दिनु पर्ने रहेछ भन्ने कुराको पुष्टि हुन आउँछ । यस कथाले राष्ट्र निर्माण राष्ट्रमा आइपर्ने कठिनाई बाधा व्यवधानसँगजुध्ने शक्ति राष्ट्र नायकमा हुनपर्ने कुरा बुझ्न सकिन्छ । परिआएमा राष्ट्रका लागि जस्तोसुकै निर्णय लिने क्षमताहुनुपर्ने कुरा पनि यसबाट बुझ्न सकिन्छ । हाम्रा राष्ट्र नायकहरूमापनियी कुराहरू हुनुपर्ने देखिन्छ । आफ्नो सिमित स्वार्थ नहेरी समग्र राष्ट्र हितको लागि अघि बढ्नुपर्ने कुरा यस कथाबाट सिक्न सकिन्छ ।

## ४.२.२ पौराणिक लोककथाको विश्लेषण

### १. गरिब किसान विश्लेषण

काठमाडौँ क्षेत्र कृषि उत्पादनकै भरमा निर्भर रहेको क्षेत्र थियो । विकास र सहरीकरणले छोपिनु अघि नै निर्भर क्षेत्र रहेको पाइन्छ यस सम्बन्धी कुरा बुझ्न हाँडीगाउँ क्षेत्रमा प्रचलित गरिब किसानको कथा पनि पर्दछ । हाँडीगाउँ विशालनगर क्षेत्रका स्थानीय बासीका खेतीयोग्य जमिन टुँडाल देवी वरपरका खुला फाँटहरू थिए । त्यस समयका व्यक्तिमा कर्मप्रति बफादार हुनुपर्ने मानव स्वभाव कौतुहलतापूर्ण रहने निस्वार्थ व्यक्ति, कर्मप्रेमी व्यक्ति प्रति, दैवी शक्तिद्वारा सहयोग गर्ने जस्ता कुराहरू यस कथाबाट चित्रित भएको पाइन्छ । यस कथाले व्यक्त गरेका भावले हामी कर्मप्रति अडिग भएर लाग्नुपर्ने कुरा बुझाउँदछ । पौराणिक कालमा मानव र दैवीशक्तिबीच तालमेल रहेको कुरा अड्कल काट्न सकिन्छ ।

## ४.२.३ विश्व ब्रम्हाण्ड प्रकृतिसम्बन्धी लोककथाको विश्लेषण

### १. बालक र कमलपोखरी विश्लेषण

मानव सभ्यताको विकास परापूर्वकालमा नै समृद्ध थियो । त्यस समय दैवीशक्ति रहेको थियो भन्ने कुरा पनि देखिन्छ । कथनअनुसार प्रकृतिप्रेमी, सुन्दरताबालमैत्री समय पुरातनकालमा पनि रहेको थियो भन्ने कुरा देखिन्छ । साथसाथै अन्यशक्तिभूतप्रेत सम्बन्धी कुराले पनि हाम्रो समाजमा दह्रो जरा गाडेको छ । भन्ने कुरा “बालक र कमलपोखरी” कथाबाट विश्लेषण गर्न सकिन्छ । अहिले भन्दा पनि पहिले प्रकृति संरक्षण सम्बन्धी कुरामा समाज सजग थियो भन्न सकिन्छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यस अध्ययन पत्रमा स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको लागि ऐच्छिक विषयहरू मध्ये लोक साहित्यसँग सम्बन्धित यो लोककथा र यसको सँकलन र विश्लेषण सहित तयार पार्ने प्रयत्न गरेकी छु । त्यसै अर्न्तगत काठमाडौं जिल्लाको हाँडिगाउँ क्षेत्रमा नेवार जातिमा प्रचलित लोककथाहरूको सँकलन गरिएको छ ।

खासमा भन्ने हो भने लोककथा भनेको लोक साहित्य अन्तर्गत पर्ने प्रमुख विधा यसमा लोक जीवनको मानिसहरूको दुःख सुख, मनोरञ्जन, सामाजिक रहनसहन आर्थिक अवस्था राजनीतिक अवस्था, अर्तीउपदेशसमाजमा रहेको अन्धविश्वास जस्ता अनेक विषयमा यसको खोजतलास हुने भएकोले यो लोक साहित्य तथा लोक कथाको एक महत्वपूर्ण पक्षको रूपमा देखिन्छ । यीनै लोककथाबाट प्रभावित भएर नै आधुनिक कथाको उपज हुन थालेकाकुरा नर्कान सकिन्न । बास्तवमा भएको यस्तै नै हो । पहिले प्रातिन समयमा गुरु तथा माता पिता र आफ्ना अग्रजले यस्तै यस्तै खाले लोक जीवनमा घटेका घटनाहरू सुनाएर नै लोक कथा भनेर अर्ती उपदेश र शिक्षा दिने परम्परा थियो । लोक कथाले लोक जीवनको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि विषयको खोजतलास गर्ने भूमिका खेलेको हुन्छ ।

यसै कुरालाई मनन गरेर मैले पनि यहाँ हाँडीगाउँ क्षेत्रको लोककथाहरू संकलन गरेर वर्गीकरण गर्ने प्रयास गरेकी छु ।

प्रस्तुत अध्ययनपत्रको सारांश तथा निष्कर्षमा पहिलो परिच्छेदमा अध्ययन परिचय अन्तर्गत अध्ययनपत्रको बारेमा छोटकरीमा लेखिएको छ । विषय परिचयमा विषयको सारांश प्रस्तुत गरिएको छ साथै समस्या कथन, उद्देश्य, अध्ययनको औचित्य, सीमाङ्कन, सैद्धान्तिक आधार, संकलन विधि, विश्लेषण विधि र अध्ययनपत्रको रूपरेखा रहेका छन् ।

यसको दोस्रो परिच्छेदमा हाँडीगाउँ क्षेत्रको संक्षिप्त परिचय भित्र विषय प्रवेश, हाँडीगाउँ परिचय, यसको नामाकरण, यस क्षेत्रको संक्षिप्त परिचय, यहाँको सम्पदा र

वर्तमान अवस्था, सामाजिक अवस्था, सांस्कतिक अवस्था, राजनैतिक अवस्था, धार्मिक अवस्था, पुरातात्विक अवस्था, आर्थिक अवस्था, भौगोलिक अवस्था, सुरक्षा अवस्था र निष्कर्ष रहेका छन् ।

तेस्रो परिच्देछ हाँडीगाउँ क्षेत्रमा संकलित लोककथा रहेको छ । यसमा विषय प्रवेश, भाटभटेनीको कथा, पाँच अरे, बालक र कमलपोखरी, देशभक्त राजा, गरीब किसान रहेका छन् ।

चौथो परिच्छेदभित्र संकलित लोककथाहरूको वर्गीकरण र विश्लेषण रहेका छन् । यस अन्तर्गत माथि उल्लेखित कथाहरूको वर्गीकरण र विश्लेषण रहेका छन् ।

पाँचौं परिच्छेदभित्र सारांश तथा निष्कर्ष, उपसंहार, सन्दर्भ सामाग्री सूची रहेका छन् ।

## ५.२ निष्कर्ष

हाँडीगाउँ क्षेत्रमा प्रचलित लोककथा सङ्कलनको निम्ति गरिएका विविध प्रक्रियाहरू अनुसार समाजमा रहेका लोककथालाई सङ्गाल्नका लागि गरिएका भ्रमण कुराकानीले कतिपय कुराहरू आधाअधुरो नै रहने भयो । कतिपय व्यक्तिहरू जानेर पनि ती कुरा भन्न नमान्ने पनि भयो । कतिपय व्यक्तिहरू भने तापनि रेकर्ड गर्नका लागि र नाम भन्नका लागि असमर्थता जनाउने पनि देखियो । यस अध्ययन पत्रले अग्रजहरूको मनमस्तिष्कमा रहेका विभिन्न अनुभवहरू सँगालेर उहाँहरूको बहुमूल्य अनुभवलाई लोककथाको रूपमा सङ्कलन गर्ने अवसर प्राप्त भयो । यस अध्ययनपत्रको सहायताले समाजमा व्याप्त संस्कृति, संस्कार जात्रा, पर्व मठमन्दिर, ऐतिहासिक स्थल, ऐतिहासिक तथ्य सम्बन्धी जानकारी हासिल गर्ने सुनौलो मौका प्राप्त गरियो । यस अध्ययन पत्रको लागि लोककथा सङ्कलन गर्ने क्रममा हाम्रो समाजमा व्याप्त विविध प्रकारका समस्याहरू पनि पत्ता लगाउने बाटो पनि थाहा भयो जब हामी केटाकेटी थियौँ त्यसबेला हामी हाम्रा हजुरबुबा, हजुरआमाप्रति आभारी थियौँ । हामीमा उहाँप्रतिको विश्वासले उहाँहरूमा आत्मविश्वास थियो कि हामी पनि अझैँ सक्षम छौ । हाम्रो विचार सल्लाह सुझाव हाम्रा कथाहरूको मूल्य मान्यताको आधारमा हाम्रो समाज चलेको छ तर अहिलेको परिवेश र परिवर्तनले हाम्रा समाजमा अग्रज बुज्रुकका विचार, भावना, सुन्ने व्यक्तिको कमी सुनेतापनि त्यसको कदर नहुनाले वयस्क व्यक्तिहरू

बोल्नै नरुचाउने देखियो । तुलनात्मक रूपमा हेर्दा अझै पनि गाउँघरतिरको वयस्कहरूको बोलीको कदर हुने रहेछ । जुन विकासमा परिवर्तन सहरीकरण पाश्चात्य संस्कृतिको प्रभावले यसक्षेत्रलाई प्रभाव पारेको देखियो । वयस्कवृद्ध व्यक्तिहरू हामी खाने बस्ने अलिअलि मठमन्दिर घुम्ने मात्र हो भन्ने कुराको नकारात्मक असर देखियो । यस अध्ययनपत्र सङ्कलन गर्ने क्रममा धेरै वयस्कसँग कुराकानी गर्दा सँगालेको तीतो पक्ष चाहिँ समाजका वयस्कमा आफ्ना मत राख्ने क्षमता खुलेरै बोल्ने स्वतन्त्रता नै हरिएको झैँ अनुभव भयो । यस्तो समाज र त्यसलाई सही सदुपयोग गर्न नसक्दा हाम्रो संस्कार, संस्कृति भेषभुषा जस्ता विविध पक्ष नै धरापमा पर्ने जस्तो अनुभव प्राप्त भयो ।

यस अध्ययनपत्र अन्तर्गतका कथा सङ्कलन गर्ने क्रममा लोकभित्र नै लुकेर रहेका धेरै किंवदन्तीहरू हाम्रो व्यवहारिक जीवनसँगै सम्बन्धित रहेका देखियो । प्रकृति, समाज, संस्कृति सभ्यता संस्कार यी सबै पौराणिक कालदेखि नै चल्दै आएका तत्व रहेछन् । यस क्षेत्रका क्षेत्रगत विशेषता महत्व हरेक ढुङ्गा बाटो, घाटो सिढीसँग गाँसिएका महत्वपूर्ण ऐतिहासिकता आवद्ध भएर नयाँनयाँ खोज गर्ने भित्री इच्छाशक्ति जाग्यो । साँच्चै यो क्षेत्र नमूना क्षेत्रकै रूपमा विकास गर्न सकिने महत्वपूर्ण क्षेत्र रहेछ भन्ने कुरामा गर्वको महसुस भयो ।

हाँडीगाउँ क्षेत्र लिच्छवीकालदेखि नै ऐतिहासिक सम्पदामा धनी मानिँदै आएको काठमाडौ महानगरपालिकामा पर्ने राजधानीको मध्यभागमा अवस्थित प्राचीन ऐतिहासिक अवशेषहरू लुकेर बसेका छन् । जसको बारेमा सोधखोज तथा अध्ययन अनुसन्धान आवश्यक छ । यस अध्ययनपत्रले हाँडीगाउँ क्षेत्रका सम्पदाहरूसँग गाँसिएर रहेका लोककथाको जगेर्ना हुने आशा गरौँ । संस्कृतिको मूर्त रूप नै प्रचलित विभिन्न जात्रा चाडपर्व सम्बन्धी कथाहरू हुन् । यदि हामीले संस्कृतिको अवमूल्यन गर्ने हो भने भविष्यमा हामी स्वयम्ले आफूलाई नचिनेको भई आफ्नो परिचय अरुलाई दिन असक्षम हुनेछौँ ।साथै यस क्षेत्रका प्राचीन तथा ऐतिहासिक महत्व बोकेका हरेक चिजसँग सम्बन्धित कुराहरूको संरक्षण हुनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामाग्रीसूची


आचार्य, यज्ञनाथ, **टोलकी देवी टुँडालदेवी**, काठमाडौँ : समुन्द्र मन विद्या प्रतिष्ठान, २०६३ ।

.................., **हाँडीगाउँ एक परिक्रमा,** काठमाडौँ : समुन्द्र मन विद्या प्रतिष्ठान, २०६३ ।

दीक्षित, अर्जुनमणि, भाटभटेनी देवता, काठमाडौँ : समुन्द्र मन विद्या प्रतिष्ठान, २०६३ ।

बन्धु चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स, २०५८ ।